प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय प्रदेश नं. २

## जनकपुरधाम, धनुषा

**शैक्षिक सत्र २०७६/०७७ मा डिप्लोमा तथा प्रमाणपत्र तहको कार्यक्रम अनुसार वर्गीकृत (निःशुल्क) छात्रबृत्तिमा मुख्य परीक्षार्थी (Main Candidates) भर्ना हून नगई रिक्त रहन आएको सिटमा बैकल्पिक/उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु मध्येबाट योग्यता क्रम अनुसार भर्नाको लागि यस प्रदेश कार्यालयमा निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**<u>प्रकाशित मिति २०७६।०५।२७</u>**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७६।४।१८ गते संचालन भएको डिप्लोमा/प्रमाण पत्र तहका वर्गिकृत (निःशुल्क)छात्रबृत्तिको प्रवेश परीक्षामा सम्मिलित भई बिभिन्न कार्यक्रमहरुमा छनौट भई भर्ना नलिएका रिक्त सिट र कोटामा सोही कार्यक्रमको बैकल्पिक सुचीमा रहेका परीक्षार्थीहरु मध्ये योग्यताक्रम अनुसार भर्ना गर्नु पर्ने प्रावधान भएकोले बैकल्पिक सूचीमा रहेका परीक्षार्थीहरुले अध्ययनको लागि यस प्रदेश कार्यालयमा मिति २०७६।६।२ गतेभित्र रितपूर्वक निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै केही कार्यक्रममा बैकल्पिक सूची लगायत उत्तीर्ण सूचीमा समेत परीक्षार्थी नरहेको अवस्थामा जुनसुकै कार्यक्रम तथा कोटामा बैकल्पिक/उत्तीर्ण सूचीमा रहेका उम्मेदवारहरुबाट योग्यताक्रम अनुसार भर्नाको लागि सिफारिश गर्नु पर्ने भएकोले उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीले समेत भर्नाको लागि उपरोक्त अनूसार कै समयावधिभित्र निवेदन दिनु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

रिक्त सिटको बिवरण तथा निवेदनको नमूना परिषद्को वेवसाइट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

**<u>परीक्षार्थीले पेश गर्नू पर्ने कागजातहरुः</u>**

१. निवेदन
२. प्रवेश पत्रको प्रतिलिपी
३. वेभसाईटमा राखिएको वर्गिकृत (निःशुल्क) छात्रबृत्तिको नतिजाको बिवरण
४. नागरिकता/जन्मदर्ता प्रमाण–पत्रको प्रतिलिपी
५. निर्देशिका बमोजिम अन्य कागजातहरु

**यो सुचना CTEVT को website. www.ctevt.org.np मा पनि हेर्न सकिने छ ।**

निर्देशक